बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी(ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

प.स.: २०७६/७७
च.नं.:

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपुर गण्डकी प्रदेश, नेपाल २०७३

## कोभिड १९ को रोकथाम तथा प्रतिकार्य र नियन्त्रणको लागी गाउँ कार्यपालिकाको मिति २०७७।०२।०७ गतेको बैठकका निर्णयहरु

बौदीकाली गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०७७।०२।०७ गतेको निर्णय अनुसार कोभिड १९ को रोकथाम तथा प्रतिकार्य र नियन्त्रण सम्बन्धि तपसिल बमोजिमका निर्णयहरु भएकोले अनिवार्य कार्यान्वयनको लागी सम्बन्धित सबैको जानकारीको लागी अनुरोध छ ।

- भारत लगायत विदेशमा रहनुभएका बौदीकाली गाउँपालिका भित्रका व्यक्तिहरुको लगत वडा अध्यक्षको सँयोजकत्वमा सबै वडा सदस्य तथा वडा भित्रका सबै कर्मचारी परिचालित भई मिति २०७७।०२।१० गते भित्र एकिन/सँकलन गरी गाउँपालिकामा पेश गर्ने-
- गाउँपालिका भित्रका खाद्यान्न पसलहरु प्रत्येक दिन विहान ७ बजे देखी १० बजे सम्म मात्रै खुल्ला गर्ने, सामाजिक दुरी कायम राखी विक्रि वितरणको प्रवन्ध सम्बन्धित व्यवसायिले गर्ने, अन्यथा प्रचलित कानुन बमोजिम कारवाही गर्ने, अन्य आकस्मिक सेवा वाहेकका पसलहरु पुर्ण रुपमा बन्द गर्ने-
- गाउँपालिका भित्रका सबै सार्वजनिक स्थान तथा सार्वजनिक भवनहरु (विद्यालय भवनहरु, आमा समुहको भवनहरु आदी) गाउँपालिकाको विपद व्यवस्थापनमा प्रयोग गर्ने गरी तयारी अवस्थामा राख्ने, वडा कार्यालयले स्थानीय समुदायमा सुचना सम्प्रेषण गर्ने, कोही कसैले उक्त स्थान तथा भवनको प्रयोगमा बाधाविरोध, तालाबन्दी वा रोकावट गर्न नपाउने, अन्यथा कानुन बमोजिम कारवाही गर्ने-
- सार्वजनिक विद्यालयहरुलाई क्वारेन्टाइन बनाउन सबै प्रकारले तयारी हालतमा राख्ने, गाउँपालिकाको कार्यालयवाट सम्बन्धित विद्यालय व्यवस्थापन समिति तथा प्र.अ.लाई निर्देशन दिने, वाधा विरोध वा अवरोध भएमा कुनै पनि प्रकारको सेवा रोक्न सक्ने-

**प.स.: २०७६/७७**
**च.नं.:**

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपुर गण्डकी प्रदेश, नेपाल

- मिति २०७७।०२।०८ गते देखी मिति २०७७।०२।१४ गते सम्म सबै प्रकारका विकास योजना, कार्यक्रम, सार्वजनिक सेवा प्रवाह बन्द गर्ने, सबै प्रकारका निजी तथा सार्वजनिक निर्माणका कार्यहरु बन्द गर्ने, उपरोक्त बमोजिमको अनुगमन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडाको अध्यक्ष र नेपाल प्रहरीको टोलीले गर्ने, पालना नभएमा कानुन बमोजिम कारवाहि गर्ने, भुक्तानी नदिन प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने-
- मिति २०७७।०२।०८ गते देखी मिति २०७७।०२।१४ गते सम्म सबै प्रकारका बैंक तथा वित्तिय सँस्थाहरु पुर्ण रुपमा बन्द गर्ने-
- मिति २०७७।०२।०८ गते देखी मिति २०७७।०२।१४ गते सम्म सबै प्रकारका सवारी (दुई पांग्रे तथा चारपांग्रे सवारी साधनहरु) साधनहरु चलाउन बन्देज गर्ने तर खाद्यान्न/राशन, कुखुराको दाना, पेट्रोलियम पदार्थ तथा औषधी/विरामी बोक्ने गाडी निर्वाध रुपमा चल्न पाउने तर उक्त सवारी साधनमा १ जना चालक र १ जना सहयोगी मात्रै तथा विरामीको हकमा १ जना विरामी कुरुवा जान पाउने ब्यबस्था गर्ने, यसको कडा अनुगमनको लागी इलाका प्रहरी कार्यालयलाई लेखि पठाउने, निर्णय कार्यान्वयन नभएको पाईएमा इलाका प्रहरी कार्यालयले उक्त सवारी साधन नियन्त्रणमा लिई लकडाउन अवधि पश्चात मात्रै फिर्ता गर्ने-
- स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको लागी सवारी पाश आवश्यक नपर्ने-
- औषधी पसलहरु तथा अस्पताल, स्वास्थ्य चौकीहरु २४ सै घण्टा सेवा प्रवाह गर्न तयारी अवस्थामा बस्ने, त्यसको अनुगमन गाउँपालिकाले गर्ने, अन्यथा कानुन बमोजिम गर्ने-
- सबै स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारीहरुको योगदानको उच्च प्रशँशा गर्दै २४ सै घण्टा सेवा प्रवाह गर्न तयारी हालतमा बस्न निर्देशन दिने-
- कोही कसैले स्वयंसेवकको नाममा सार्वजनिक आवागमन अवरोध गर्ने, चेकजाँच गर्ने, धम्की दिने, हो-हल्ला गर्ने जस्ता शान्ति सुव्यवस्था खल्वलाउने खालका कुनै पनि कार्य नपाउने, अन्यथा प्रचलित कानुन बमोजिम कडा कारवाही गर्ने, त्यसको लागी जिल्ला प्रशासन

कार्यालय, जिल्ला प्रहरी कार्यालय साथै अन्य सुरक्षा निकायहरु र इलाका प्रहरी कार्यालय, डेढगाउलाई पत्राचार गर्ने-

- गाउँपालिका प्रवेश गर्ने प्रत्येक नाकाहरुमा प्रहरीको २४ सै घण्टा परिचालनको लागी सुरक्षाकर्मी ब्यबस्थापनको लागी जिल्ला प्रशासन कार्यालयलाई आग्रह गर्ने-
- कोभिड १९ को रोकथाम तथा प्रतिकार्य तथा नियन्त्रणमा खटिएका स्वास्थ्यकर्मीहरु तथा कर्मचारीहरुको सुरक्षाको पुर्ण प्रबन्ध गर्ने-
- गाउँपालिकाको कोभिड १९ को रोकथाम तथा प्रतिकार्यको कार्यमा राहत लाभग्राहीहरु, सबै बौदीकालीवासीहरुलाई स्वयंसेवकको रुपमा कामकाज गर्न आग्रह गर्ने, जनप्रतिनिधिहरुले अनिवार्य स्वयंसेवकको रुपमा काम गर्न तयार हुने-
- विभिन्न संघसंस्थाहरुले नगदै राहत वितरण गर्न प्रस्ताव गरेकोमा उक्त राहत वितरणलाई स्वयंसेवक परिचालन गर्ने कार्य आवद्ध गरि कार्यान्वयन गर्ने-
- भारत लगायत अन्य विभिन्न देशहरुवाट आएका बौदीकाली भित्रका नागरिकहरुको PCR परिक्षण गरि गाउँपालिका ल्याउने प्रबन्ध गर्न जिल्ला प्रशासन कार्यालयलाई आग्रह गर्ने, थप सुरक्षाकर्मीहरु माग गर्ने-
- प्रत्येक वडा कार्यालयको नेतृत्वमा थप क्वारेन्टाईन स्थलको निर्माण गरि गाउँपालिकालाई जानकारी दिने, प्रयोगको लागी तयारी अवस्थामा राख्ने-
- बौदीकाली गाउँपालिकाको आर्थिक बर्ष २०७६।७७ को लागी स्वीकृत कार्यक्रमहरु मध्ये खरिद तथा वितरणमुखी कार्यक्रमहरु (औषधी खरिद तथा कार्यालय संचालन बाहेक), लक्षित वर्गका कार्यक्रहरु, तालिम तथा गोष्ठि जस्ता कार्यक्रमहरु, भैपरि आउने खर्च शिर्षकबाट हुने खर्च, अमुर्त तथा कार्यान्वयन स्थल नतोकिएका योजनाहरु गाउँकार्यपालिकाको अर्को निर्णय नहुने समयसम्मको लागी कार्यान्वयन नगर्ने-
- कृषी सम्बन्धी कार्यहरु सामाजिक दुरी कायम गरी सँचालन गर्ने-
- बौदीकाली गाउँपालिकाको वडा नं. १ को माइतीघाट, धर्मात्मा मा.वि., सिमलडाँडा (डिहि), वडा नं. २ को खर्सानटार र बालीघाट, वडा नं. ३ को खैरेनीघाट, सांघुरीघाट, अमराई र

**प.स.: २०७६/७७**
**च.नं.:**

राइका, वडा नं. ४ को जारे भन्ज्याङ, राइका र सेतोपानी, वडा नं. ५ को चापाभन्ज्याङ, राइकोट नाका र गाग्रीखोला तथा वडा नं. ६ को नापखोला र फलामखानीहरु गाउँपालिका प्रवेश विन्दु भएकोले सम्बन्धित वडा अध्यक्षले उक्त नाकाहरुमा स्वयंसेवकहरु परिचालन गर्ने-

- सबै बौदीकालीवासीहरुलाई स्वतःस्फुर्त सहयोगको लागी आग्रह गर्ने-
- नेपाल सरकार, स्वास्थ्य तथा जनसँख्या मन्त्रालय, गण्डकी प्रदेश सरकार तथा गाउँपालिकाका निर्णयहरु तथा निर्देशनहरुको पालना गर्न सबैमा आग्रह गर्ने ।।